नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

तम्घास, गुल्मी

मिति : २०७६।१२।१०

## जिल्ला प्रशासन कार्यालय, गुल्मीको जनहितमा जारी अत्यन्त जरुरी सूचना

कोभिड-१९ कोरोना भाईरसको संभावित जोखिम तथा नियन्त्रणका सन्दर्भमा यस जिल्लामा विभिन्न सरोकारवालाहरुसँगको छलफल तथा जिल्ला सुरक्षा समितिको निर्णयानुसार निम्नानुसारको निर्णय भएको हुँदा सोही अनुसार गर्नु गराउनु भई कोरोना भाईरस COVID-19 को रोकथाम तथा नियन्त्रणमा सहयोग गर्नुहुन हार्दिक अपिल गरिन्छ ।

१. अत्यावश्यक काममा बाहेक घर बाहिर ननिस्कने ।

२. गुल्मी जिल्लाभर मालवाहक सवारी साधन (खाद्यान्न,तरकारी तथा फलफूल दुध पानी इन्धन, औषधी) र एम्बुलेन्स बाहेकका अन्य सम्पूर्ण सवारी साधन (मोटरसाइकल समेत) को आवागमन २०७६।१२।१० गते राती १२:०० बजे देखि अर्को सूचना नभए सम्मको लागि संचालनमा रोक लगाउने ।

३. जिल्ला बाहिरबाट आउने मालवाहक सवारी साधनमा चालक-१ जना र सहयोगी-१ जना मात्र रहने र निजहरुको हेल्थ डेक्समा अनिवार्य रुपमा चेकजाँच गरी आवश्यक परेमा क्वारेन्टाइनमा राख्ने ।

४. अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरु (इन्धन, दाल, चामल, तेल, नुन, दुधडेरी, तरकारी तथा फलफूल) बाहेकका अन्य सम्पूर्ण पसल व्यवसायहरु मिति २०७६।१२।१० गते राती १२:०० बजे देखि अर्को सूचना नभएसम्मको लागि पूर्ण रुपमा बन्द गर्ने । अस्पताल, स्वास्थ्य संस्था, औषधी पसलहरु र पेट्रोल पम्प २४ सैं घण्टा संचालनमा रहने ।

५. माथि उल्लिखित शर्तहरु पालना नगर्नेलाई नियन्त्रणमा लिई प्रचलित कानून बमोजिम कडा कारवाही गरिनेछ ।

०७६।१२।१०

(भरतकुमार शर्मा)

प्रमुख जिल्ला अधिकारी

भरतकुमार शर्मा

प्रमुख जिल्ला अधिकारी

"सक्षम निजामती प्रशासन : विकास, समृद्धि र सुशासन"

फोन नं. ०७९-५२०१३३ (प्र.जि.अ.) ०७९-५२०८३३ फ्याक्स नं.०७९-५२०२८४/२४२ E-mail: daogulmi2046@gmail.com

noticeboard 1618079520833 Web : daogulmi.moha.gov.np facebook.com/daogulmi